**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख २२ गते**
प्रदेश १ मा कोरोना भाइरस शङ्कास्पद १ हजार ६ सय ५२ जनाको नमूना सङ्कलन गरिएको छ । वैशाख २२ गते २३ जना महिला र ७३ जना पुरूष गरी ९६ जनाको नमूना सङ्कलन गरिएको छ । नमूना सङ्कलन गरिएका मध्ये १ हजार ६ सय ४४ जनाको रिपोर्ट आएको छ । आठ जनाको रिपोर्ट आउन बाँकी छ । प्रदेश १ मा कोरोना सङ्क्रमण पुष्टी भएका ३१ जनाको उपचार भईरहेको छ । प्रदेश १ मा वैशाख २२ गतेसम्म आरडीटी विधिबाट ६ हजार १ सय २२ जनाको परीक्षण गरिएको छ । जसमध्ये १६ जनाको रिपोर्ट पोजेटिभ आएको थियो । आरडीटी पोजेटिभ आएका सबैको पीसीआर परीक्षणमा नेगेटिभ रिपोर्ट आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा ५ हजार ८ सय ३० वेडको क्वारेन्टाइन निर्माण गरिएको छ । वैशाख २२ गते १ सय १६ वेड थप गरिएको छ । क्वारेन्टाइनमा बस्नेको सङ्ख्या २ हजार ६३ जना पुगेको छ । ४ सय ३५ जना महिला र १ हजार ६ सय २८ जना पुरूष क्वारेन्टाइनमा छन् । होम क्वारेन्टाइनमा १ हजार ३ सय १० जना महिला र ५ हजार ६ सय १५ जना पुरूष बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा दश जना महिला र ३७ जना पुरूष गरी ४७ जना आईसोलेशनमा भर्ना भएका छन् । तीन जना महिला र चार जना पुरूष गरी सात जना वैशाख २२ गते डिस्चार्ज भएका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार एक जना आईसीयुमा भर्ना भएका छन् ।

सङ्घीय सरकारले प्रदेश १ का आठ जिल्लालाई अति जोखिमपूर्ण क्षेत्रको सूचीमा राखेको छ । जोखिम क्षेत्रमा प्रदेश राजधानी विराटनगर भएको मोरङसमेत समावेश छ । प्रदेश १ को उदयपुरमा २८ जना, झापामा दुई जना र भोजपुरमा एक जना गरी प्रदेशभरी ३१ जना कोरोना सङ्क्रमित फेला परिसकेका छन् । सरकारले महामारी नियन्त्रण तथा रोकथामका लागि केन्द्रीय तहमा निर्माण गरेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिमा सुरक्षा निकायले रणनीतिक रायसुझाव पेश गरिसकेको छ । सुरक्षा स्रोतका अनुसार प्रदेश १ सरकारले प्रदेशका तराई-मधेसमा अवस्थित जिल्लाहरू झापा, मोरङ र सुनसरी तथा भित्री मधेसको उदयपुरसहित पहाडी जिल्ला इलाम, तेह्रथुम र भोजपुर रेडजोनमा छन् । यसैगरी हिमाली जिल्ला ताप्लेजुङलाई पनि उच्च जोखिमपूर्ण क्षेत्रमै राखिएको छ । धनकुटा, सङ्खुवासभा, खोटाङ, ओखलढुङ्गा आंशिक जोखिम अर्थात (एल्लो जोन) मा छन् । यसैगरी हिमाली जिल्ला सोलुखुम्बु भने न्यून जोखिम (ग्रीनजोन) मा छ । रेडजोनमा परेका आठ जिल्लामा अरू १५ दिनसम्म लकडाउन जारी राख्दा उपयुक्त हुने सुरक्षा संयन्त्रले सरकारलाई सुझाव दिएको बताइएको छ । प्रदेशहरूबाट प्राप्त सुझावका आधारमा सरकारले लकडाउनको मोडालिटी कस्तो बनाउने भन्ने तयारी गर्ने सङ्घीय सरकारले जानकारी गराइसकेको छ । जोखिमक्षेत्र छुट्याएर लकडाउन लागू गरिए अतिजोखिम क्षेत्रमा कडाइ गर्नुपर्ने र अन्यत्र भने सामाजिक दूरी कायम गराएर जनजीविका तथा अन्य गतिविधि सञ्चालन गर्न सकिने विषयमा प्रदेशस्थित सरकारहरूले पनि अध्ययन गरिरहेको सामाजिक विकास मन्त्री जीवन घिमिरेले बताउनुभयो ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार मोरङमा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या २ सय १७ जना पुगेको छ । १ सय ९२ जना पुरूष र २५ जना महिला क्वारेन्टाइनमा बसेका छन् । मोरङमा २ सय ७५ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ । क्वारेन्टाइनमा बसेका १ सय ७५ जना पुरूष र १८ जना महिला गरी १ सय ९३ जना डिस्चार्ज भएका छन । आईसोलेशनमा वैशाख २२ गतेसम्म ६० जना भर्ना भएका छन् । कोशी अस्पतालमा २६ र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा रहेका तीन जना गरी २९ मध्ये २८ जना डिस्चार्ज भएका छन् । कोशी अस्पतालमा ३१ जना उपचाररत रहेका छन् ।
विराटनगरका व्यापारीले लगातारको लकडाउनको कारण आफ्नो व्यवसाय धराशयी भएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । विराट व्यापार सङ्घको अगुवाईमा व्यापारीहरुले प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्की, प्रमुख जिल्ला अधिकारी मदन भुजेल र

विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीलाई ज्ञापनपत्र बुझाएका हुन् । व्यापारीहरूले लकडाउन अवधिभरको तथा लकडाउन समाप्त भएको तीन महिनासम्मको घर बहाल कर, व्यवसायिक कर तथा घरजग्गा करमा छुटको व्यवस्था गर्नुपर्ने माग गरेको विराट व्यापार सङ्घका महासचिव चन्द्र अधिकारीले जानकारी दिनुभयो ।
नेपाल औषधि व्यवसायी सङ्घ मोरङ शाखाले वैशाख २२ गते प्रहरीलाई औषधि र स्वास्थ्य सामग्री प्रदान गरेको छ । सङ्घले इलाका प्रहरी कार्यालय रङ्गेलीलाई स्वास्थ्य सामग्री प्रदान गरेको हो । व्यवसायी सङ्घले सेनिटाइजर, मास्क, ग्लोव्स प्रदान गरेको मोरङ उपाध्यक्ष तथा प्रवक्ता देशबन्धु ढकालले जानकारी दिनुभयो ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार धर्मदेवी नगरपालिकामा -२ की ४१ वर्षीया महिलाको स्वाब परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा स्वाब परीक्षण गर्दा रिपार्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रमुख रमेश बाहृकोटीले जानकारी दिनुभयो । महिलालाई जिल्ला अस्पताल खाँदबारीको आइसोलेशन वार्डमा राखिएको छ । उहाँ ०७६ चैतमा साइप्रसबाट आउनु भएको थियो ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङ**का अनुसार जिल्लामा २ सय ४७ जनाको आरडीटी गरिएको छ । सबैको रिर्पोर्ट नेगेटिभ आएको छ । ११ जनाको स्वाब परीक्षण गरिएको छ । परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले जानकारी दिनुभयो । ६६ जना पुरूष र ४५ जना महिला गरी १ सय ११ जनालाई क्वारेन्टाइनमा राखिएको छ । १ सय ७९ वेड क्षमताको क्वारेन्टाइन र १४ वेडको आइसोलेशन कक्ष निर्माण गरिएको छ । जिल्लास्थित विभिन्न स्थानमा रहेको हेल्थ डेस्कमा वैशाख २२ गतेसम्म ३ हजार ६ सय ५५ जनाको चेकजाँच गरिएको छ । जिल्लका चार ओटा स्थानीय तहले वैशाख २२ गतेसम्म्म ३ हजार ३ सय १३ परिवारलाई राहत वितरण गरेका छन् ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख २२ गते २८ जना महिला र १ सय १६ जना पुरूष गरी १ सय ४४ जनालाई क्वारेन्टाइनमा राखिएको छ । वैशाख २२ गते ८७ जनाको आरडीटी प्रविधिबाट परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको छ । वैशाख २२ गतेसम्म ७ सय ४० जनाको जनाको आरडीटी परीक्षण गरिएकोमा एक जना बाहेक सबैको रिपोर्ट नेगेटिभआएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । आईसोलेशनमा ६ जना महिला र दश जना पुरुष गरी १६ जनालाई राखिएको छ । कोशी अञ्चल अस्पताल विराटनगरमा १६ जनाको पीसीआर परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । आठ स्थानीय तहले ३८ स्थानमा ६ सय ८५ वेड सङ्ख्याको क्वारेन्टाइन स्थापना गरेका छन् । जिल्ला अस्पतालमा ६,  पाथीभरा अस्पतालमा दश र समर्पित अस्पतालमा ११ गरी जम्मा २७ ओटा आईसोलेशन कक्ष स्थापना गरिएका छन् । जिल्लाका १९ ओटा एम्बुलेन्स र सात ओटा पिकअप तयारी अवस्थामा राखिएका छन् ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार लिखुपिके गाउँपालिकाको वैशाख २२ गतेको बैठकले गाँउपालिकावासीलाई स्वास्थ्य सामग्री वितरण गर्ने निर्णय गरेको छ । गाँउपालिकाले  उद्दार गरी ल्याएका नागरिकहरूको अनुगमन सुरू गरेको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार प्रदेश नम्बर १ का प्रदेशसभा सदस्यसहित जिल्ला समन्वय समितिको अनुगमन टोलीले क्वारेन्टाइनको अनुगमन गरेको छ । मेचीनगर नगरपालिका क्षेत्रभित्रका क्वारेन्टाइन अनुगमन गरेको टोलीले जनाएको छ । अनुगमनमा क्रममा क्वारेन्टाइन मापदण्ड बमोजिम नभएको पाईएको अनुगमन टोलीले जानकारी दिएको छ । मेचीनगर नगरपालिका-११ स्थित

धाइजन स्वास्थ्य केन्द्र क्वारेन्टाइनमा रहेका नौ जनाको एण्टीवडी परीक्षण गरिएको छ । आरडीटी विधिबाट गरिएको परीक्षणमा रिपोर्ट नेगेटिभ आएपछि सबैलाई घर पठाइएको छ। बिर्तामोडस्थित मुक्ति चोकमा 'डिसइन्फेक्सन टनेल' जडान गरिएको छ । मनषा थाईफुडको प्रायोजन र मेची अभियानको प्राविधिक सहयोगमा टनेल निर्माण गरिएको हो । प्यारिभिट्टा युवा क्लब मेचीनगर नगरपालिका-७ काँकरभिट्टाको आयोजना र झापा रेडक्रसको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम गरिएको छ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार कोशी गाउँपालिका -५ का पाँच जना नेपालीलाई सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरीले भारतबाट लुकीछिपि आएको भन्दै उतै फिर्ता पठाएको छ। कोशी गाँउपालिकाका-५ का सखार आजम , महफुज आलम, युसुफ मियाँ, सफिक आलम र नयाँर आलम सहितलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर भारतीय एसएसवीलाई जिम्मा लगाएको छ । भारतको वीरपुरमा क्वारेन्टाइनमा १४ दिन बसेर आएकाहरूलाई सशस्त्र प्रहरीले उतै पठाएकोमा स्थानीयले विरोध गरेका छन् । क्वारेन्टाइनमा बसि घर आएकाहरूलाई सशस्त्रले अवरोध गर्न नहुने स्थानीयको माग छ।

नेपाल प्रेस युनियन सुनसरीले ग्रामीण भेगमा रहेर काम गर्ने पत्रकारहरूलाई राहत स्वरुप खाद्यान्न वितरण गरेको छ। दुई जना पत्रकारलाई राहत वितरण गरेको युनियनले जनाएको छ।

रामधुनी नगरपालिकाले राहतका लागि खरिद गरेको चालममा मिश्रण गरिएको र कमसल भेटिएपछि नगरपालिकाले छानबिन प्रक्रिया अगाडि बढाएको छ । लकडाउनका समयमा दैनिक ज्यालादारी तथा विपन्न नागरिकहरूलाई लक्षित गर्दै खरिद गरिएको खाद्यान्नमा मिश्रण भएको पाइएपछि छानबिन प्रक्रिया अगाडि बढाइएको नगर प्रमुख जयप्रकाश चौधरीले विज्ञप्तिमार्फत् जानकारी गराउनु भएको छ । नगरपालिकाले झुम्कास्थित गृहलक्ष्मी राइस मिलसँग ग्रेडिङ मन्सुली चालम दिने शर्तमा सम्झौता गरेको थियो । सम्झौता अनुरूपको चालम वितरण नगरेको भन्दै गुणस्तरका विषयमा छानबिन थालिएको नगरपालिकाले जनाएको छ। राहतको चामल नै न्यून गुणस्तर भएको गुनासोका आधारमा छानविन गर्न लागिएको हो । नगरपालिकाले राहतका लागि १० र १५ केजीको प्याक बनाएको थियो । तर, उक्त चामलमा गुनासो आएका आधारमा चामलको गुणस्तरबारे छानबिन थालिएको नगर प्रमुख चौधरीको भनाइ छ।

**उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार उदयपुरवासीले स्वास्थ्य अधिकारबाट वञ्चित हुनु परेको छ। कोरोना सङ्क्रमित क्षेत्रमा भन्दै निजी अस्पतालले उदयपुरवासीलाई भर्ना नलिदाँ उदयपुरेहरू स्वास्थ्य अधिकारबाट वञ्चित भएका छन् । नोवेल मेडिकल कलेज विराटनगरले उदयपुर ठेगाना भएको भन्दै एक जना गर्भवती र भाँचिएको हातको उपचारका लागि शल्यक्रिया शुल्क तिरेर शल्यक्रिया तय भएका एक जनालाई उदयपुरको भएको भन्दै यो साता फिर्ता पठाएको थियो । नागरिकको स्वास्थ्य अधिकारप्रति सचेत हुन राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ ले विज्ञप्ति जारी गरेको छ।

**इन्सेक प्रदेश १ कार्यालय विराटनगर**